UNITED NATIONS MISSION
IN NEPAL

नेपालस्थित संयुक्त
राष्ट्रसंघीय मिसन

**UNMIN**

**अन्मिन**
**प्रेस विज्ञप्ति**

**ईयान मार्टिन नेपालका लागि महासचिवको विशेष प्रतिनिधि नियुक्त**
**माघ २६, २०६३**

ईयान मार्टिन अब औपचारिक रुपमा नेपालका लागि महासचिवका विशेष प्रतिनिधि र नेपालस्थित राष्ट्र संघीय मिसन (अन्मिन) को प्रमुखमा नियुक्त भएका छन् । प्रत्युत्तरमा मार्टिनले आज निम्न विज्ञप्ति दिनु भयो:

"नेपालमा शान्तिलाई निरन्तरता दिईरहन पाएकोमा म हर्षित छु । महासचिव बान की-मून द्वारा राष्ट्र संघलाई अनुरोध गरिए अनुसार शान्ति प्रक्रियाको सफलताको लागि गर्नु पर्ने सबै कार्य गर्न मलाई दिईएको जिम्मेवारी प्रति म आफु सम्मानित भएको ठान्दछु ।
मई २००५ मा नेपालमा पहिलो पटक आउँदा सशस्त्र द्वन्द पूर्ण रुपमा चर्केको थियो । छोटो अवधि भित्रमै देशले कति प्रगति गर्न सकेको छ भन्ने कुरा मलाई अति महत्वपूर्ण लागेको छ । यद्यपि आत्मसन्तोष लिनु वा नेपालमा स्थायी शान्ति कायम गर्ने काम सजिलो होला भनी ठान्नु भ्रम हुन्छ । हालैमा तराईमा भएका मृत्युहरुले नेपाल सामु विद्यमान चुनौतिहरु कति ठूला रहेछन् भन्ने बोध गराउँछ एवं यी कुराहरुको संवोधन सम्बाद र लचकताबाट गरिनु पर्ने आवश्यकता देखाउँछ । स्वतन्त्र र निस्पक्ष संविधान सभाको निर्वाचन अगाडी नै हात हतियारको धम्कि वा डर, त्रास हटाउन अझै धेरै परिश्रम गर्न बाँकि छ ।

नेपाली जनता द्वारा नेपाली जनताको लागि निर्देशित शान्ति प्रक्रियामा संयुक्त राष्ट्र संघ आफ्नो तर्फबाट सहयोग गर्न तत्पर छ ।"

UN House, GPO Box 107, Pulchowk, Kathmandu, Nepal, Tel : + 977-1-5010036/37/38, Fax:+977-1-5010040